गाउँ सभाबाट स्वीकृत मिति: २०७७/०३/१०

# गंगाजमुना गाउँपालिकाको आर्थिक ऐन, २०७७

**प्रस्तावना**

नेपालको संविधानको धारा २२८ को उपधारा (२) मा भएको व्यवस्था र गंगाजमुना गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर, दस्तुर, गैर कर तथा शुल्क संकलन गर्ने, छुट दिने एवं राजश्व संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गंगाजमुना गाउँपालिकाको आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि गंगाजमुना गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **सम्पत्ति कर:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाउने र असुल उपर गरीनेछ ।

***स्पष्टीकरण*** : यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर **अनुसूची-१** मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि घरको र जग्गाको मूल्यांकन दर **अनुसूची-२** तथा घरको ह्रास कट्टीको दर **अनुसूची- ३** मा उल्लेख भए बमोजिम हुनेछ ।

३. **मालपोत:** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य जग्गामा क्षेत्रफलको आधारमा मालपोत (भूमिकर) लगाउने र असुल उपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर **अनुसूची-४** मा उल्लेख भएबमोजिम हुनेछ ।

४. **घरजग्गा बहाल कर:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड ( छप्पर), कारखाना, वा जग्गा पूरै वा आंशिक तबरले बहालमा बहाल कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने घरजग्गा बहाल करको दर **अनुसूची-५** मा तोकिए बमोजिम हुनेछ ।

५. **व्यवसाय कर:** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोवारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असुल उपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर असुली गर्दा बैंक तथा वित्तिय संस्था र प्रत्येक कारोबार स्थल अलग अलग इकाई मानी कर असुली गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम लगाइने व्यवसाय करको दर **अनुसूची-६** मा तोकिए बमोजिम हुनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत **अनुसूची-७** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ । तर त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनीलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइने छैन ।

७. **सवारी साधन करः** (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर **अनुसूची- ८** मा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असुल उपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने विज्ञापन करको दर **अनुसूची- ९** मा तोकिए बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका मनोरञ्जन व्यवसायमा **अनुसूची-१०** बमोजिम मनोरञ्जन कर लगाइने र असुलउपर गरिनेछ । तर प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिए बमोजिम गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर **अनुसूची- ११** मा तोकिए बमोजिम हुनेछ ।

तर शुल्क तिरेको आधारमा सम्बन्धित व्यक्तिको नाममा त्यस्ता जग्गाको स्वामित्व कायम वा हस्तान्तरण भएको मानिने छैन ।

११. **सेवा शुल्क दस्तुरः** गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमार्फत् उपलब्ध गराउने सिफारिश, प्रमाणित, नक्शापास, इजाजत जस्ता प्रशासनिक सेवामा **अनुसूची- १२** मा उल्लेखित दरमा सेवा शुल्क तथा दस्तुर लगाई असुल उपर गर्नेछ ।

१२. **प्राकृतिक स्रोतको उत्खनन्, उपयोग तथा बिक्री शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण गरी त्यसमा तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुहरूको उत्खनन् तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक एवं ऐलानी जग्गामा रहेको काठ, दाउरा, जराजुरी आदिको उपयोग र बिक्री गरे वापत **अनुसूची -१३** मा उल्लेख भए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुहरू आदि बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ठेक्का निर्धारण नभएमा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले अमानत विधिबाट बिक्री गरी रकम संकलन गर्न सक्नेछ ।

१३. **भाडामा लगाउन सक्नेः** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा **अनुसूची- १४** मा उल्लेखित दरमा भाडामा लगाउन सक्नेछ ।

१४. **सामुदायिक वनबाट आय प्राप्त गर्नेः** (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वार्षिक कार्ययोजना स्वीकृत शुल्क र वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको **अनुसूची- १५** मा उल्लेखित भए बमोजिम गाउँपालिकामा वा संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

**१५. जरिवाना, ब्याज, हर्जाना र दण्डः** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा वा प्रचलित कानून पालना नगरेको कसूरमा **अनुसूची-१६** मा उल्लेख गरिएको व्यवस्था तथा दरमा र सो दर नतोकिएकोमा कार्यपालिकाबाट तोकिएको दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

**१६. कर छुटः** (१) गाउँपालिकालाई वार्षिक रुपमा तिर्नुपर्ने कर सोही आर्थिक वर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने कर महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करको क्रमशः पाँच प्रतिशत छुट दिइनेछ ।

(२) महिला, बालबालिका, दलित तथा अपाङ्गता भयका व्यक्तिको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा २५ (पच्चिस) प्रतिशत छुट दिइनेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र दर्ता गरी संचालन गर्ने कृषि समूहलाई निःशुल्क दर्ता गरिनेछ ।

(४) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ/संस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

***स्पष्टीकरण*** : लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ/संस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरू, सरकारी वा सामुदायिक विद्यालयहरू, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघ/संस्था सम्झनु पर्दछ ।

(५) नक्सा पासका लागि घर तथा संरचनाहरुको अभिलेखिकरण दस्तुरको हकमा गाउँपालिकाले प्रथम पटक अभिलेख गर्ने भनी ३५ दिनको अवधी तोकी सूचना प्रकाशन गरी तोकिएको म्यादभित्र घरको अभिलेखिकरण गरेमा जम्मा तिर्नुपर्ने दस्तुरमा २५ प्रतिशतले छुट दिईनेछ तर तोकिएको म्याद गुजारी अभिलेखिकरण गरेमा २५ प्रतिशत थप जरिवाना वापत अशुल उपर गरिनेछ ।

(६) गाउँपालिकाले आन्तरिक आय तर्फको राजश्व संकलनको लागि नदीजन्य पदार्थ वा अन्य कुनै प्राकृतिक श्रोतको ठेक्का लगाई कार्य गर्दा कुनै पनि विपद् वा प्रकोपको कारण त्यस्ता फर्म वा कम्पनीलाई कामगर्न प्रतिकुल अवस्था पैदा भएको खण्डमा गाउँ सभाले निर्णय गरी गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने राजश्वमा केही रकम छुट वा मिनाह गर्न सक्नेछ ।

**१७. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएको विषयहरूमा यसै बमोजिम र उल्लेख नगरिएको विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची - १

**(दफा २ को उपदफा (२) संग सम्वन्धित)**

**सम्पत्ति करको दर**

| सि.नं. | सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|---|
| १ | पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु. ५० |
| २ | पाँच लाख देखि पच्चिस लाख रुपैयाँसम्म | एक मुष्ठ रु. १५० |
| ३ | पच्चिस लाख देखि पचास लाख रुपैयाँसम्म | एक मुष्ठ रु. ७५० |
| ४ | पचास लाख देखि पचहत्तर लाख रुपैयाँसम्म | एक मुष्ठ रु. १८७५ |
| ५ | पचहत्तर लाख देखि एक करोड रुपैयाँसम्म | एक मुष्ठ रु. ३५०० |
| ६ | एक करोड देखि रुपैयाँ भन्दा माथि | एक मुष्ठ रु. ५००० |

## अनुसूची - २

**(दफा २ को उपदफा (३) संग सम्वन्धित)**

**घरको तथा जग्गाको मूल्यांकन दर**

**(क) घरको मूल्यांकन दर**

| सि.नं. | घरको प्रकार | घरको मुल्यांकन रकम (प्रति वर्ग फिट) |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्टक्चर | ०.७५ |
| २ | सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | ०.५० |
| ३ | सिमेन्ट वा माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायल, ढुङ्गाको छाना | ०.४० |
| ४ | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | ०.३० |
| ५ | जस्ता वा टायलको छाना भएको टहरा वा सेड | ०.२० |
| ६ | कच्ची खर (एकमुष्ठ) | १०० |

(***नोट*** : माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।)

**(ख) जग्गाको मूल्यांकन दर**

गाउँपालिका क्षेत्रभित्र घरले चर्चेको जग्गाको मूल्यांकनका लागि जग्गाको हालको मालपोत रजिष्ट्रेशनको दरलाई आधार मानिनेछ ।

## अनुसूची - ३

**(दफा २ को उपदफा (३) संग सम्वन्धित)**

## घरको ह्रास कट्टी दर

| सि.नं. | बनोटको किसिम | ह्रासकट्टी दर |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ६० वर्षसम्म |
| २ | सिमेण्ट वा माटोको जोडाइमा इँट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | वार्षिक २ प्रतिशतका दरले ४५ वर्षसम्म |
| ३ | सिमेन्ट वा माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भवन वा गोदाम | वार्षिक ३ प्रतिशतका दरले ३० वर्षसम्म |
| ४ | जस्ता वा टायलको छाना भएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्षसम्म |
| ५ | कच्ची घर | वार्षिक १० प्रतिशतका दरले ९ वर्षसम्म |

## अनुसूची - ४

### (दफा ३ को उपदफा (२) संग सम्वन्धित)

### मालपोतको दर

| जग्गा रहेको क्षेत्र | स्थान (गाउँपालिकाले समग्र गाउँक्षेत्रलाई ४ वटा क्षेत्रमा विभाजन गरी स्थान पहिचान गर्नुपर्ने) | वार्षिक मालपोत दर (प्रति रोपनी) रु. |
|---|---|---|
| (क) बजार उन्मुख क्षेत्र | - गुम्दी बजार (सातदोवाटो वजार क्षेत्र, तमाङ खर्क मा वि देखि फुलखर्क आउने वाटो सम्म)<br>- फूलखर्क क्षेत्र (सुक भन्ज्याङ देखी  हाल प्रहरी चौकी रहेको स्थान  सम्म सम्म)<br>- बसेरी क्षेत्र (डाडागाउँ वजार)<br>- बुढाथुम क्षेत्र  (वुढाथुम वजार) | - १० रोपनी सम्म स्वामित्ववाला जग्गा धनीलाई : रु. ३०<br>- १० रोपनी भन्दा बढी स्वामित्ववाला जग्गा धनीलाई : रु. ५० |
| (ख) आवासिय क्षेत्र | तावल, ताजिमराङ, चिमचोक, पोखरा, दाङसिङ, तथा गाउँपालिकाका सम्पुर्ण मुख्य सडक (सडक गुरुयोजनामा “क” वर्ग अन्तर्गतका सडकले छोएका वस्ती वा ठाउँ) आसपासका वस्तीहरु | - १० रोपनी सम्म स्वामित्ववाला जग्गा धनीलाई : रु. १५<br>- १० रोपनी भन्दा बढी स्वामित्ववाला जग्गा धनीलाई : रु. २० |
| (ग) कृषि क्षेत्र | खेति गर्नकालागी सिचाई सुविधा पुगेका जग्गा | - १० रोपनी सम्म स्वामित्ववाला जग्गा धनीलाई : रु. १०<br>- १० रोपनी भन्दा बढी स्वामित्ववाला जग्गा धनीलाई : रु. १५ |
| (घ) पाखो, बगर तथा अन्य क्षेत्र | माथी क, ख, ग मा नपर्ने सम्पुर्ण निजी जग्गाहरु | - १० रोपनी सम्म स्वामित्ववाला जग्गा धनीलाई : रु. ५<br>- १० रोपनी भन्दा बढी स्वामित्ववाला जग्गा धनीलाई : रु. ६ |

## अनुसूची - ५

### (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**घर जग्गा बहाल करको दर**

| सि.नं. | जग्गा तथा घर भाडामा लिने | करको दर |
|---|---|---|
| १ | लेखापरीक्षण गराउने दायित्व भएका संस्थाहरूले वहालमा लिएको घरजग्गा | वहाल रकमको ६ प्रतिशत |
| २ | अन्य (व्यापार, व्यवसायिक, घरयासी वा कृषी) प्रयोजनका लागि लिएको घरजग्गा | वहाल रकमको ५ प्रतिशत |

## अनुसूची - ६

## (दफा ५ को उपदफा (३) संग सम्वन्धित)

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| | **व्यवसाय करको दर** | | |
| १ | व्यवसाय दर्ता रु. ५ लाख सम्म पूँजीगत | | १००० |
| २ | व्यवसाय दर्ता रु. ५ लाख भन्दा माथि सम्म पूँजीगत | | १५०० |
| ३ | व्यवसाय दर्ता नवीकरण (रु. ५ लाख र सो भन्दा माथि) | | १५०० |
| ४ | उद्योग दर्ता ( ५ देखी २० हर्ष पावर सम्म) | | २००० |
| ५ | उद्योग दर्ता (२० हर्ष पावर भन्दा माथि) | | २५०० |
| ६ | उद्योग दर्ता नवीकरण (५ देखी २० वा सो भन्दा माथि) | | १५०० |
| ७ | स मिल काठ चिरानी दर्ता | | २५०० |
| ८ | स मिल काठ चिरानी नवीकरण | | २००० |
| ९ | फर्निचर उद्योग दर्ता | | २५०० |
| १० | फर्निचर उद्योग दर्ता नवीकरण | | २००० |
| ११ | डेरी उद्योग दर्ता | | २५०० |
| १२ | डेरी उद्योग दर्ता नवीकरण | | २००० |
| १३ | फर्निचर पसल दर्ता | | ४००० |
| १४ | फर्निचर पसल दर्ता नवीकरण | | २००० |
| १५ | सुन पसल दर्ता | | ५००० |
| १६ | सुन पसल दर्ता नवीकरण | | २५०० |
| १७ | परामर्श सेवा दर्ता | | ४५०० |
| १८ | परामर्श सेवा दर्ता नवीकरण शुल्क | | ३००० |
| १९ | कृषि समुह दर्ता | | तजत्तज्ञ'ङ्ग |
| २० | कृषि समुह दर्ता नवीकरण | | २०० |
| २१ | क्रसर उद्योग व्यवसायी दर्ता | | ५०००० |
| २२ | क्रसर उद्योग व्यवसायी दर्ता नवीकरण | | २५००० |
| २३ | क्रसर उद्योग वार्षिक राजश्व | | ४२५००० |
| २४ | स्काभेटर तथा जे.सि.वि.संचालन अनुमती शुल्क | | १००००० |
| २५ | स्काभेटर तथा जे.सि.वि.संचालन वार्षिक राजश्व | | ३२५००० |
| | **मदिरा तथा चुरोट** | | |
| १ | मदिरा डिलर | | २००० |
| २ | मदिरा खुद्रा | | १००० |
| ३ | वियर विक्रि वितरण डिलर | | १५०० |
| ४ | वियर विक्रि वितरण खुद्रा | | १००० |
| ५ | मदिरा सहितका कोल्ड स्टोर | | १००० |
| ६ | चुरोट थोक विक्रेता | | १५०० |
| ७ | चुरोट विक्रेता खुद्रा | | ५०० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| | **ज्वैलरी** | | |
| १ | सुनचादीका गहना बनाउने खरीद तथा विक्रि गर्ने पसल ठुलो | | २००० |
| २ | सुनचादीका गहना बनाउने पसल | | १००० |
| ३ | सुनचाँदीका गहना बनाउने तथा मर्मत गर्ने पसल | | ५०० |
| | **भिडियो रेर्कडर प्लेर आदिको थोक तथा खुद्रा व्यवसाय** | | |
| १ | टेलिभिजन तथा फ्रिज विक्री गर्ने थोक | | १००० |
| २ | टेलिभिजन तथा फ्रिज विक्री गर्ने खुद्रा | | ५०० |
| ३ | साउन्ड सिस्टम भाडा दिने व्यवसायीहरु | | १००० |
| **निर्माण सामाग्री** | | | |
| १ | रंगरोगन, किला काँटी, सन्माईका, प्लाईउड, सेनेटरी समान सरीया, सिमेन्टका साथै फ्लोरीङ फिनीसिङ्ग र अन्य निर्माण सामाग्रीको थोक तथा खुद्रा विक्रेता | | १५०० |
| २ | 'क' बमोजिम खुद्रा माल सामानका साथ अन्य उपकरण वा अन्य खुद्रा सामग्री विक्री गर्ने | | १००० |
| **कम्प्युटर र अन्य ईलेक्ट्रोनिक्स सामान** | | | |
| १ | कम्प्युटर र सोका पार्टस विक्री गर्ने, साउण्ड सिस्टम, प्रशिक्षण तथा साईवर सञ्चालन गर्ने | | १५०० |
| २ | कम्प्युटर, फ्रिज, टि.भी., मोवाईल, राईसकुकर आदीको थोक विक्रेता | | १००० |
| ३ | मोवाईल ग्यालरी, मोवाईल सेट विक्री तथा मर्मत | | १००० |
| ४ | मोवाईल मर्मत | | ५०० |
| ५ | फ्रिज, कुलर, राईसकुकर आदि मर्मत | | ५०० |
| **विजुली तथा अन्य उपकरण** | | | |
| १ | विजुलीका सामानका साथै विजुली वाट चल्ने उपकरण जस्तै हिटर, कुलर, पंखा, आईरन आदि थोक तथा खुद्रा विक्री गर्ने | | ५०० |
| २ | विजुलीका सामान मात्र विक्री गर्ने | | ५०० |
| ३ | रेडियो घडी विक्री गर्ने पसल | | ५०० |
| ४ | घडी मात्र विक्री गर्ने पसल | | ५०० |
| ५ | विजुलीका ट्रान्सफर्मर मर्मत गर्ने | | ५०० |
| **पेट्रोलियम पदार्थका थोक तथा खुद्रा व्यापार** | | | |
| १ | एक भन्दा वढी पम्प भएका | | ३००० |
| २ | एक मात्र पम्प भएका | | २००० |
| ३ | ड्रममा पट्रोलियम पदार्थ विक्रेता बाट तेल वेच्ने | | ५०० |
| | **दैनिक उपभोगका खाद्य पदार्थ, कपडा आदिका थोक तथा खुद्रा व्यापार** | | |
| १ | किराना पसल अन्य सामान सहित | | १००० |
| २ | किराना पसल मात्र | | ५०० |
| **कपडा पसल** | | | |
| १ | कपडा थोक पसल | | १००० |
| २ | कपडा खुद्रा पसल | | ५०० |
| **सवारी साधन मर्मत तथा सम्भार गर्ने** | | | |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | विभिन्न सवारी साधनका पार्टस विक्री गर्ने | | १००० |
| २ | दुई पाङग्रे मर्मत सेन्टर | | ५०० |
| ३ | मोटरसाईकल मर्मतका साथै सोका पार्टस विक्री गर्ने पसल | | १००० |
| ४ | गाडीका टायर मर्मत तथा हावा भर्ने | | ५०० |
| ५ | ईलेक्ट्रीक मेशिन वाट वेल्डीङ्ग गर्ने | | ५०० |
| ६ | ग्याँस वेल्डीङ्ग गर्ने | | ५०० |
| ७ | रेडियो, टि.भी., घडी, प्रेसरकुकर, हिटर, टेलीफोन सेट, विद्युत सामाग्री मर्मत केन्द्र | | ५०० |
| ८ | मोटरसाईकल विक्रेता | | १००० |
| **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| १ | चिकित्सक | | १००० |
| २ | कविराज वैद्य | | ५०० |
| ३ | कानुन व्यवसायि | | ५०० |
| ४ | लेखापरिक्षक घ वर्ग | | ५०० |
| ५ | दन्त चिकित्सक | | ५०० |
| ६ | अनुसन्धान कर्ता र परामर्शदाता(नक्सा डिजाईनर) | | १००० |
| ७ | कम्प्युटर एनालिष्ट र प्रोग्राम | | ५०० |
| ८ | विमा एजेन्ट | | २०० |
| ९ | सर्भेएर | | ४०० |
| १० | अनुवादक | | ४०० |
| ११ | पशु चिकित्सक | | ५०० |
| १२ | सामान ढुवानी कर्ता तथा कम्पनी स्थानिय | | १००० |
| १३ | संस्थागत पेन्टर स्थानिय | | २०० |
| १४ | लेखापढी व्यवसाय | | २०० |
| **निर्माण व्यवसायी दर्ता तथा नवीकरण** | | | |
| १ | घ वर्ग निर्माण व्यवसायी दर्ता | | १०००० |
| २ | घ वर्ग निर्माण व्यवसायी नवीकरण | | ५००० |
| **उत्पादनमुलक उद्योग** | | | |
| १ | चिउरा उद्योग | | ५०० |
| २ | सिमेन्ट उद्योग | | १०००० |
| ३ | सिमेन्टका ब्लग बनाउने २० ब्यालेटका रीङ, टायल आदि | | ५०० |
| ४ | गार्मेन्ट तयारी पोशाक सहित कपडा विक्रेता | | १००० |
| ५ | गलैचा उद्योग | | १००० |
| ६ | डिस्टीलरी ब्रुअरी उत्पादन  वा हल्का पेय उत्पादन गर्ने | | ३००० |
| ७ | मिनरल वाटर उत्पादन | | ५०० |
| ८ | स्टिल मेटलवाट कुलर,दराज, बाकसका साथै आधुनिक फर्निचर उत्पादन गर्ने | | ३००० |
| ९ | स्टिलमेटलवाट मेसनरी सामानका साथै विभिन्न औजार उपकरण उत्पादन गर्ने इन्जिनियरीङ वर्क सप | | ५००० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
| --- | --- | --- | --- |
| १० | ग्रिल, सटर, ट्रस बनाउने उद्योग | | १००० |
| ११ | ह्याचरी (चल्ला उत्पादन गर्ने) | | १००० |
| १२ | पशुपंक्षिको आहारा उत्पादन गर्ने | | १००० |
| **उर्जामुलक उद्योग** | | | |
| **उर्जामुलक सवै उद्योग तथा व्यवसायमा** | | | |
| १ | गोवर ग्यास कम्पनी | | ५०० |
| २ | सोलार पावर कम्पनी | | १००० |
| **कृषि तथा वन जन्य उद्योग** | | | |
| **मुलत : कृषि तथा वन पैदावारमा आधारीत उद्योग व्यवसायमा** | | | |
| १ | काठ चिरान सम्वन्धी काम गर्ने स.मिल | | १५०० |
| २ | प्लाईउड सम्वन्धी काम गर्ने स.मिल चिरानी मेशीन राखी वा नराखी | | १००० |
| ३ | चिरान मेशीन राखी साधारण फर्निचर उत्पादन गर्ने | | १००० |
| ४ | चिरान मेसीन राखी आधुनिक फर्निचर उत्पादन गर्ने | | १००० |
| ५ | फर्निचर पसल | | ५०० |
| **धान कुट्ने, गहुँ पिस्ने, तोरी पेल्ने उद्योग (मिल)** | | | |
| १ | ५ हर्ष पावरदेखी २० हर्ष पावर सम्म | | ५०० |
| २ | द्दण हर्ष पावरदेखी ३० हर्ष पावर सम्म | | १००० |
| **खनिज उद्योग** | | | |
| १ | खनिज उत्खनन वन प्रशोधन गर्ने उद्योग व्यवसाय | | २००० |
| **पर्यटक आवास होटेल, रेष्टुरा, रिसोर्ट ट्राभल्स एजेन्सी, ग्लाईडिङ्ग, वाटर ऱ्याफ्टीङ आदि उद्योग व्यवसाय** | | | |
| १ | प्रा.लि. भएका होटेल तथा रिसोर्ट | | ३००० |
| २ | ट्राभल एजेन्सी शाखा तथा ग्लाईडिङ | | १००० |
| ३ | होटेल लज २० वेड सम्म (व्यवस्थित) साथै हलको व्यवस्था भएमा थप | | १००० |
| ४ | होटेल लज २१ वेड देखी ३० वेड सम्म (व्यवस्थित) साथै हलको व्यवस्था भएमा थप | | १५०० |
| ५ | गेष्ट हावस साधारण वेड १ देखी २० वेड सम्म साथै हलको व्यवस्था भएमा थप | | १००० |
| ६ | रेष्टुरेन्ट चमेना गृह मदिरा सहित | | ५०० |
| ७ | आधुनिक सुविधायुक्त रेष्टुरेन्ट एण्ड बार | | १००० |
| ८ | पर्यटन स्तरीय होटल | | २००० |
| ९ | साधारण होटेल (चिया नास्ता तथा खानाको सुविधा मात्र) | | ५०० |
| **मिठाई तथा भोजनालय** | | | |
| १ | उच्च स्तरीय मिठाई पसल | | १५०० |
| २ | मिठटाईका साथै भोजनका उच्च स्तरीय व्यवस्था भएका | | १००० |
| ३ | मिठाईका साथै भोजनका मध्यम स्तरीय व्यवस्था भएका | | ५०० |
| **सेवा उद्योग** | | | |
| **छापाखाना, परामर्श सेवा, निजी तथा बेली व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, सितभण्डार** | | | |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| **छपाई तथा प्रकाशन** | | | |
| १ | एक मात्र टेडेल मेसीन राखी छपाईका काम गर्ने | | ५०० |
| २ | एक देखी दुई टेडल मेसीन राखी छपाईका काम गर्ने | | १००० |
| ३ | अफसेट प्रेस भएका | | १००० |
| ४ | स्क्रिन प्रिन्ट गर्ने | | ५०० |
| **चलचित्र व्यवसाय** | | | |
| १ | सिनेमाहलहरु | | १००० |
| २ | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रर्दशन हल, थिएटर, संगीत तथा मनोरञ्जन स्थलका प्रवेश शुल्कमा मनोरञ्जन कर | | ३□ |
| ३ | जादु सर्कस, चटक आदिमा प्रति दिन | | २०० |
| **सार्वजनिक परिवहन** | | | |
| १ | दुई बस सम्म राखी व्यवसाय गर्ने | | ५०० |
| २ | तीन बस सम्म राखी व्यवसाय गर्ने | | १००० |
| ३ | चार बस सम्म राखी व्यवसाय गर्ने | | १५०० |
| ४ | पाँच वस वा सो भन्दा माथि | | २००० |
| **ट्रान्सपोर्ट (ढुवानी सेवा)** | | | |
| १ | एक ट्रक भएका | | ५०० |
| २ | दुई ट्रक भएपका | | १००० |
| ३ | तीन ट्रक भएका | | १५०० |
| ४ | चार ट्रक भएका | | २००० |
| ५ | पाँच ट्रक वा सो भन्दा माथि | | २५०० |
| **प्रयोगशाला** | | | |
| १ | रगत, दिसा, पिसाव जाँच गर्ने | | ५०० |
| **विभिन्न किसिमका तालिम गोष्ठी, सेमिनार तथा विवाहको लागि हल व्यवस्था गर्ने** | | | |
| १ | ५० सिट देखी १०० सिट सम्म | | २०० |
| २ | १०१ सिट देखी २०० सिट सम्म | | ५०० |
| ३ | दृण्ज्ञ सिट देखी माथि | | १००० |
| ४ | व्यवसायिक व्यायामशाला | | ५०० |
| **निजी क्षेत्रका टेलिफोन सेवा एस.टि.डी., फ्याक्स सेवा, फोटोकपी, ईमेल ईन्टरनेट, रेडियो आदि** | | | |
| १ | फ्याक्स फोटोकपी सेन्टर तथा फोटा खिच्ने | | ५०० |
| २ | ईमेल ईन्टरनेट सहित साईवर क्याफेको व्यवस्था भएको | | ५०० |
| ३ | कुरीयर सेवा | | ५०० |
| ४ | छपाई तथा प्रकाशन (पत्रपत्रिका) | | ५०० |
| ५ | एफ.एम. रेडियो स्टेसनमा वार्षिक | | ५०० |
| **वित्तीय सेवा** | | | |
| १ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने क बर्गका बैंकको शाखा | | १५००० |
| २ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ख बर्गका बैंकको शाखा | | १२००० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| ३ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने  ग बर्गका बैंकको शाखा | | १०००० |
| ४ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने  घ बर्गका बैंकको शाखा | | ५००० |
| ५ | विमा कम्पनी शाखा | | ७००० |
| ६ | सहकारी बैंक तथा अन्य वित्तिय संस्था | | २००० |
| | **सहकारी संस्था** | | |
| १ | क) दस लाखभन्दा बढी पुँजी भएको बचत तथा ऋण सहकारी संस्था दर्ता | | ५००० |
| २ | ख) दस लाखसम्म पुँजी भएको बचत तथा ऋण सहकारी संस्था दर्ता | | ३००० |
| ३ | ग) अन्य सहकारी संस्था दर्ता | | २५०० |
| ४ | घ) ऋण/योजना माग सिफारिस | | १००० |
| **स्वास्थ्य सेवा** | | | |
| १ | गैर सरकारी अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) | | ३००० |
| २ | क्लिनिक तथा ल्याव | | ५०० |
| ३ | दन्त क्लिनिक | | ५०० |
| ४ | अल्ट्रासाउन्ड एक्सरे | | १००० |
| ५ | सादा एक्सरे | | २०० |
| **शिक्षा सेवा** | | | |
| **निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय** | | | |
| १ | आधारभूत स्तरका विद्यालय | | ५०० |
| २ | माध्यमिक स्तरका विद्यालय | | १००० |
| ३ | क्याम्पस स्तर | | १५०० |
| **तालिम तथा अनुसन्धान केन्द्र** | | | |
| १ | टेक्नीकल ईन्स्टीच्युट (१५ महिने) प्रति विधा | | १००० |
| २ | कम्प्युटर प्रशिक्षण केन्द्र | | ५०० |
| **अन्य सेवा** | | | |
| १ | विज्ञापन सेवा सवै किसिमका | | २०० |
| २ | व्युटिपार्लर, केश श्रृङगार्र आदि | | २०० |
| ३ | हजाम एक सिट देखी पाँच सिट सम्म सुविधायुक्त | | २०० |
| ४ | हजाम एक सिट  घुम्तीवाला | | ५० |
| **फोटो स्टुडियो** | | | |
| १ | कलरल्याव | | ५०० |
| २ | फोटो, भिडियो मिक्सीङ गर्ने, सि.डी. तयार गर्ने | | ५०० |
| **सुचीकार कपडा सिलाई गर्ने** | | | |
| १ | १ देखी २ मेशीन सम्म | | ३०० |
| २ | ३ देखी १० मेशीन सम्म | | ५०० |
| ३ | ११ भन्दा माथि | | १००० |
| ४ | आर्ट सेन्टर ( फ्लेक्स प्रिन्ट) | | ८०० |
| ५ | आर्ट सेन्टर साधारण | | ३०० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| **मासु  तथा माछा विक्रेता** | | | |
| १ | खोका/ढेबरी व्यवसाय | | ३०० |
| २ | भाँडाकुडा विक्रेता ठुलो पसल | | ५०० |
| ३ | भाँडाकुडा विक्रेता साना पसल | | २०० |
| ४ | खेलौना उपहार तथा गिफ्ट विक्रेता | | २०० |
| ५ | केवुल नेटवर्कलाई ग्राहक संख्याको आधारमा | | ३००० |
| ६ | एग्रोभेट सेन्टर | | ५०० |
| ७ | म्यानपावर कम्पनी शाखा कार्यालय | | २००० |
| ८ | अर्न्तराष्ट्रिय संघ संस्था | | ३००० |
| ९ | ईट्टा, ढुङ्गा उद्योग विक्री डिपो | | १००० |
| १० | ग्याँस चुलो लगायत अन्य विक्रेता | | १००० |
| ११ | ड्राई क्लिीनर्स | | ५०० |
| १२ | मोवाईल टावर शुल्क प्रति टावर | | २००० |
| **श्रृङगार पसल** | | | |
| १ | श्रृङगारका साथैअन्य सामानका पसल | | १००० |
| २ | श्रृङगार, सामानका साथै अन्य फेन्सी सामानका ठुला पसल | | १५०० |
| ३ | श्रृङगार पसल मात्र | | ५०० |
| **स्वदेशी तथा विदेशी कपडा पसल** | | | |
| १ | स्वदेशी तथा विदेशी कपडाका साथै रेडीमेट कपडा पसल ठुला | | १००० |
| २ | स्वदेशी तथा विदेशी कपडाका साथै रेडिमेट कपडा साना | | ५०० |
| ३ | गल्ला खरीद विक्री गर्ने पसल ठुलो | | १००० |
| ४ | गल्ला खरीद विक्री गर्ने पसल सानो | | ५०० |
| **विभिन्न उद्योगहरु** | | | |
| १ | लघु उद्यम (मसला, नमकिन,पाउरोटी आदि) | | २०० |
| २ | डेरी फर्म मिठाई समेत भएकोलाई | | १००० |
| ३ | डेरी फर्म मात्र भएकोलाई | | ५०० |
| ४ | सिलाई कटाई तालिम गराउने केन्द्र | | ५०० |
| ५ | विभिन्न किसिमका डिलर माथि उल्लेखित वाहेक | | १००० |
| ६ | जुत्ता चप्पल छालाका पसल | | ५०० |
| ७ | जुत्ता चप्पल उद्योग | | १००० |
| **तरकारी फलफुल खुद्रा पसल** | | | |
| १ | तरकारी फलफुल खुद्रा पसल | | ५०० |
| २ | खुद्रा तरकारी फलफुल पसलका साथै अन्य | | १००० |
| ३ | खुद्रा फलफुल पसल | | २०० |
| ४ | खुद्रा तरकारी मात्र विक्री गर्ने घुम्तीमा | | ५० |
| ५ | सेनेटरी सामान विक्री तथा मर्मत गर्ने पसल | | २०० |
| ६ | फोटो फ्रेम गर्ने पसल | | २०० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| **औषधी पसल** | | | |
| १ | औषधी पसल दर्ता | | १५०० |
| २ | औषधी नवीकरण | | १००० |
| ३ | पान चुरुटका साथै अन्य मालसामानका पसल | | ५०० |
| ४ | पान चुरुट मात्र विक्री गर्ने पसल | | २०० |
| ५ | रुई धुलाईका साथै सिरक गद्धाको थोक विक्रेता | | ५०० |
| ६ | लेन्टर ढलानका लागि सेटिङका सामान भाडामा दिने | | ५०० |
| ७ | विभिन्न मालसामान संकलन गर्ने कवाडी | | ५०० |
| ८ | पाठ्यपुस्तकका साथै अन्य सामान पुस्तक र खेलकुद सामाग्री भएका पसललाई | | ५०० |
| ९ | पाठ्यपुस्तकका सामाग्री मात्र विक्री वितरण गर्ने पसल | | ३०० |
| १० | चस्मा विकी तथा मर्मत गर्ने पसल | | २०० |
| **कुखुरा पालन व्यवसाय गर्ने** | | | |
| १ | १००० सम्मका कुखुरा पालन व्यवसाय गर्ने पोल्ट्री फर्म | | ५०० |
| २ | सो भन्दा माथि | | १००० |
| ३ | वंगुर पालन व्यवसाय | | ५०० |
| ४ | माछा पालन व्यवसाय प्रति पोखरी | | ५०० |
| ५ | कृषि मल विउ किटनाशक औषधीका साथै भेटेनरी औषधीको थोक तथा खुद्रा विक्रेता | | ४०० |
| ६ | कृषि सामाग्री संस्थान वा बाहिरवाट रसायनिक मल विउको थोक विक्रेता | | ५०० |
| ७ | सोलार मर्मत गर्ने पसल | | ५०० |
| | **संघ संस्था दर्ता तथा नवीकरण** | | |
| १ | कार्यक्रम संचालन स्वीकृति | | १००० |
| २ | नाफामुलक | | ३००० |
| ३ | गैरनाफा मुलक | | १५०० |
| ४ | संघ संस्था नवीकरण | | १५०० |
| | **गैर नाफामुलक संस्था नवीकरणका लागि सिफारिस दस्तुर** | | |
| १ | रु १ लाख देखि  ५ लाखसम्म कारोबार भएको संस्था | | १५०० |
| २ | रु ५ लाख देखि १० लाखसम्म कारोबार भएको संस्था | | २००० |
| ३ | रु १० लाख देखि २५ लाखसम्म कारोबार भएको संस्था | | २५०० |
| ४ | रु २५ लाख देखि १ करोडसम्म कारोबार भएको संस्था | | ३००० |
| ५ | रु १ करोड देखि माथि कारोबार भएको संस्था | | ५००० |
| ६ | अन्तराष्ट्रिय गैर सरकारी संस्था | | ५००० |
| ७ | कवाडी व्यवसाय | | २००० |
| ८ | टोल विकास/सुधार समिति दर्ता शुल्क | | ५०० |
| ९ | टोल विकास/सुधार समिति नवीकरण शुल्क | | २५० |
| १० | जलस्रोत उपभोक्ता दर्ता शुल्क | | २५०० |
| ११ | जलस्रोत उपभोक्ता नवीकरण शुल्क | | १५०० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| माथि उल्लेख भएका व्यवसायहरु महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिको नाममा दर्ता गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिइनेछ। साथै माथि उल्लेख भएका सवै व्यवसायहरु प्रत्येक आ.व. को आश्विन मसान्त भित्र  नवीकरण नगरेमा २५ प्रतिशत थप जरीवाना लाग्नेछ। | | | |

## अनुसूची - ७

### (दफा ६ संग सम्वन्धित)

| जडीबुटी, कवाडी तथा जीवजन्तु कर | | | |
|---|---|---|---|
| **सि.नं** | **विवरण** | **इकाई** | **वार्षिक करको दर(रु)** |
| १ | ऊन, खोटो निकासी शुल्क | प्रति के.जी. | ६ |
| २ | बज्रजन्ती, काफलको बोक्रा, चुत्रोको बोक्रा निकासी शुल्क | प्रति के.जी. | २ |
| ३ | लोठ सल्लाको पात, सतुवा, लप्सी निकासी शुल्क | प्रति के.जी. | ५ |
| ४ | धसिंगरे निकासी शुल्क | प्रति के.जी. | ३ |
| ५ | धुपीको काठ निकासी शुल्क | प्रति के.जी. | १० |
| ६ | पैयुको बोक्रो, सल्लाको सिङ्टा, एसेलुको डाँठ, तितेपाती, मजिठो, धुपीको पात, अमला, काउलो, हर्रो, बर्रो निकासी शुल्क | प्रति के.जी. | १ |
| ७ | सल्लो, उत्तिस, चिलाउने, कटुस, मौवा, अस्ना (साज), शिरिस, सिमल, अन्य | प्रति क्यू.फिट | ५ |
| ८ | दाउरा | प्रति टिप | ५०० |
| ९ | काठ कटानी, मुछानी र पाइलिङ्ग (समूह भन्दा बाहिर विक्री/निकासी) गरेमा | प्रति क्यू.फिट | १५ |
| १० | प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला आदि निकासी शुल्क | प्रति के.जी. | ५ |
| १२ | खाली सीसी, प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा, तेलको टिन, धातुका टुक्राहरू, पुन : प्रशोधन (रिसाइक्लिङ्ग) गरी पुनः प्रयोगमा आउन सक्ने सामानहरू | प्रति टिप | ठुलो ट्रक रु ५००,सानो टक टिपर रु २५०, ट्याक्टर रु २०० |
| १३ | बाँस निगालो | प्रति के.जी. | रु १ |

## अनुसूची - ८

### (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

| सवारी साधन कर | | | |
|---|---|---|---|
| **सि.नं** | **विवरण** | **दर्ता तथा इजाजत शुल्क** | **वार्षिक करको दर (रु)** |
| १ | बस | १००० | १५०० |
| २ | ट्रक | १००० | १५०० |
| ३ | हलुका सवारी साधन | ८०० | १००० |
| ४ | ट्याक्टर | ५०० | १००० |

| | | | |
|---|---|---|---|
| ५ | मोटरसाइकल | २५० | ५०० |
| ६ | स्कुटर | २५० | ५०० |
| ७ | अटोरिक्सा, विद्युतीय रिक्सा | २०० | ५०० |

## अनुसूची - ९

### (दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएको विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिनेछ :

| क.सं. | विज्ञापन सामग्रीको किसिम | वार्षिक विज्ञापन कर |
|---|---|---|
| १ | विद्युतीय डिजिटल बोर्ड प्रति वर्ग फिट | ३० |
| २ | होडिङ्ग बोर्ड प्रति वर्ग फिट | ४० |
| ३ | व्यानर पोष्टर प्रति वर्ग फिट | २० |
| ४ | भित्ते लेखन प्रति वर्ग फिट | १० |
| ५ | व्यापार तथा मेला आदीमा इलेक्ट्रोनिक डिस्प्ले(दैनिक) | १५ |

***नोट :***

(१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ। यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ।

(२) गाउँपालिकाको इजाजत नलिई गरिएको विज्ञापन सामग्रीहरूलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रिम सूचनाविना हटाउन सक्नेछ।

(३) पसलहरूमा राखिने परिचयपाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साइज अनुसार) मा विज्ञापन कर लाग्ने छैन। तर परिचयपाटीमा विज्ञापनमूलक सामग्री प्रचार गरेमा सो को विज्ञापन कर लाग्नेछ।

## अनुसूची - १०

### (दफा १० सँग सम्बन्धित)

| मनोरञ्जन करको दर | | | |
|---|---|---|---|
| **सि.नं** | **विवरण** | **इकाई** | **वार्षिक करको दर (रु)** |
| १ | नेपाल भित्रका पर्यटक (गा.पा बाहेक) | प्रति व्यक्ति | १० |
| २ | सार्क मूलुकका पर्यटक | प्रति व्यक्ति | ५० |
| ३ | अन्य मूलुकका पर्यटक | प्रति व्यक्ति | १०० |
| ४ | सर्कस देखाउनेलाई | दैनिक | २५० |
| ५ | कन्सर्ट प्रोगाम | दैनिक | २५० |
| ६ | व्यापार तथा अन्य मेलाहरुमा राखिने मनोरञ्जनका साधनहरु | दैनिक | २५० |

## अनुसूची - ११

### (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

### बहाल बिटौटी शुल्कको दर

**क. ऐलानी, पर्ती तथा सार्वजनिक स्थलको उपयोग**

| सि.नं. | स्थान | इकाई | शुल्कको दर |
|---|---|---|---|
| १ | गाउँक्षेत्रका सडकको दायाँ बायाँको जग्गा उपभोग गरे वापत | प्रति रोपनी | बजार क्षेत्रमा न्यूनतम मासिक रु ५०० र अन्य क्षेत्रमा न्यूनतम मासिक रु १५० |
| २ | सार्वजनिक स्थलमा पटके रुपमा उपयोग गरे वापत | प्रति वर्गफिट | दैनिक रु. ४० |
| ३ | सडकको दायाँबायाँ बनाइएका संरचना उपयोग गरे वापत | प्रति वर्गफिट | रु १५ |

**ख. अस्थायी हाटबजार र घुम्ती पसल (पटके रुपमा)**

| क्र.सं. | व्यापार/व्यवसाय/कारोबार | शुल्कको दर (पटके रुपमा) |
|---|---|---|
| १ | तरकारी तथा फलफुल पसल | ५० |
| २ | माछा मासु पसल | १०० |
| ३ | वोका, खसी, (प्रति गोटा) | १० |
| ४ | रागा, भैसी (प्रति गोटा) | २०० |
| ५ | कपडा पसल | १००० |
| ६ | रेस्टुरेन्ट तथा खाजाघर | १००० |
| ७ | साना मनोरन्जन खेल (प्रति स्टल) | ५०० |
| ८ | ठुला मनोरन्जन खेल  (प्रति वर्ग मिटर) | १०० |
| ९ | डोका, डाला, नाग्ला आदी (प्रति गोटा) | ५ |
| १० | लंगुरबुर्जा (प्रति दिन) | १०० |
| ११ | भाडा पसल (प्रति स्टल) | २०० |
| १२ | खेलौना पसल (प्रति स्टल) | १०० |

# अनुसूची - १२

## (दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

| सि.नं | विवरण | इकाई | वार्षिक कर (रु) |
|---|---|---|---|
| **सेवा, शुल्क तथा दस्तुर** | | | |
| १ | निवेदन दस्तुर | | २० |
| २ | कच्चि घरको घर कर | | ५० |
| **सिफारिस दस्तुर** | | | |
| १ | अंग्रेजीमा गरिने सवै प्रकारका सिफारिस (प्रति सिफारिस) | | ३५० |
| **नेपालीमा गरिने देहाय बमोजिमका सिफारिस** | | | |
| १ | नागरिकता सिफारिस | | १०० |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | | १०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | | ५०० |
| ४ | नाता प्रमाणित स्वदेश प्रयोजन | | २०० |
| ५ | नाता प्रमाणित विदेश प्रयोजन | | १५०० |
| ६ | नाता कायम सिफारिस | | १०० |
| ७ | पारिवारिक विवरण सिफारिस | | २०० |
| ८ | बसोबास प्रमाणित सिफारिस | | ३०० |
| ९ | नावालक सिफारिस | | २०० |
| १० | जन्म मिति प्रमाणित सिफारिस | | १०० |
| ११ | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | | १०० |
| १२ | अविवाहित प्रमाणित सिफारिस | | १०० |
| १३ | व्यक्तिगत प्रमाणित सिफारिस | | २०० |
| १४ | चारीत्रिक प्रमाणित सिफारिस | | ३०० |
| १५ | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | | २०० |
| | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँसारी | | १०० |
| १६ | विद्युत मिटर जडान सिफारिस (घरायसी) | | १०० |
| १७ | विद्युत मिटर जडान सिफारिस (उद्योग) | | १५०० |
| १८ | माथि उल्लेख नभएका अन्य सिफारिस | | १०० |
| **रुख कटान सिफारिस** | | | |
| १ | १ वटा रुख देखि १० वटा रुख सम्म | | ५०० |
| २ | ११ वटा रुख देखि ३० वटा रुख सम्म | प्रति रुख | १०० |
| ३ | ३१ वटा रुख देखि ५० वटा रुख सम्म | प्रति रुख | १०० |
| ४ | ५१ वटा रुख देखि १०० वटा रुख सम्म | प्रति रुख | १०० |
| ५ | १०१ वटा रुख देखि ५००वटा रुख सम्म | प्रति रुख | १०० |
| ६ | ५०१ वटा रुख देखि १००० वटा रुख सम्म | प्रति रुख | १०० |
| ७ | १००० वटा रुख भन्दा माथि | प्रति रुख | १०० |
| **घरेलु तथा साना उद्योगको सर्जमिन तथा सिफारिस** | | | |

| सि.नं | विवरण | इकाई | वार्षिक कर (रु) |
|---|---|---|---|
| १ | ठूला उद्योग सिफारिस | | ५००० |
| २ | मझौला उद्योग सिफारिस | | २५०० |
| ३ | साना तथा घरेलु उद्योग | | १५०० |
| ४ | व्यवसाय बन्द तथा नाम परिवर्तन | | २०० |
| ५ | मदिरा व्यवसाय सिफारिस (खुद्रा) | | १००० |
| ६ | मदिरा व्यवसाय सिफारिस (थोक) | | २००० |
| ७ | संघ संस्था सिफारिस | | १००० |
| ८ | वडा सर्जमिन प्रमाणित | | १०० |
| ९ | प्लटिङ्ग इजाजत प्रति रोपनी | | २००० |
| १० | वनजन्य वस्तुको सिफारिस | | १५०० |
| ११ | पर्यटन स्तरीय होटल सिफारिस | | २००० |
| १२ | घर पातल प्रमाणित | | १०० |
| १३ | घर कायम सिफारिस | | ५०० |
| **जग्गा रजिष्ट्रेशन पास तथा अन्य** | | | |
| १ | पहिलो कित्ता | | ५०० |
| २ | पहिलो कित्ता पछि थप प्रति कित्ता | | १०० |
| ३ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | | २०० |
| ४ | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | | १०० |
| ५ | उजुरी निवेदन दस्तुर | | १०० |
| ६ | मिला पत्र दस्तुर | | ३०० |
| ७ | जग्गा दर्ता वा नामसारी सिफारिस ५ रोपनी सम्म | | २०० |
| ८ | थप प्रति रोपनी | | २५ |
| ९ | राजिनामा, बकसपत्र सिफारिस | | ३०० |
| १० | अशंवण्डा सिफारिस | | २०० |
| ११ | नाम सच्याई सर्जमिन | | २०० |
| १२ | घर नक्सा नामसारी | | ५०० |
| १३ | उद्योग नामसारी ठूलो | | २००० |
| १४ | उद्योग नामसारी मझौला | | १५०० |
| १५ | उद्योग नामसारी सानो | | १००० |
| १६ | (क) चार किल्ला प्रमाणित वैंक तथा अन्य प्रयोजन, (ख) थप प्रति रोपनी | | (क) ५००<br>(ख) १०० |
| १७ | नक्सा पास किताव | | ५०० |
| १८ | भरुवा बन्दुक नवीकरण | | ५०० |
| १९ | आय श्रोत प्रमाणित (विद्यार्थीको लागि २५ प्रतिशत छुट) | | ०.२५ प्रतिशत |
| २० | सम्पत्ति मूल्यांकन | | ०.१ प्रतिशत |
| **निजी विद्यालयको कक्षा वृद्धि (अपग्रेड)** | | | |
| १ | आधारभूत स्तर | | १५०० |

| सि.नं | विवरण | इकाई | वार्षिक कर (रु) |
|---|---|---|---|
| २ | माध्यमिक स्तर | | २००० |
| ३ | क्याम्पस/कलेज स्तर | | २५०० |
| **निजी विद्यालय अनुमति शुल्क** | | | |
| १ | किन्डरगार्टेन | | ५००० |
| २ | आधारभूत तह | | ५५०० |
| ३ | माध्यमिक तह | | ६००० |
| **विविध सिफारिस** | | | |
| १ | जीवित रहेको सिफारिस | | १०० |
| २ | घर जग्गा करको लेखा जोखा सिफारिस | | ५०० |
| ३ | निशुल्क स्वास्थ्य उपचार सिफारिस | | निःशुल्क |
| ४ | सशुल्क स्वास्थ्य उपचार सिफारिस | | १०० |
| ५ | आफ्नो अधिकारक्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणित | | ५०० |
| ६ | संरक्षक प्रमाणित | | १०० |
| ७ | संस्थागत संरक्षक सिफारिस | | २०० |
| ८ | व्यक्तिगत संरक्षक सिफारिस | | १०० |
| ९ | हकवाला वा हकदार प्रमाणित | | १०० |
| १० | जग्गाको हक सम्बन्धी सिफारिस (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा बाहेक) | | १०० |
| ११ | पालन पोषण सिफारिस | | २०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निःशुल्क |
| १३ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | | ५०० |
| १४ | अन्य प्रमाणित वा सिफारिस | | १०० |
| १५ | क) नयाँ घट्ट दर्ता | | ५०० |
| | ख) विद्युतबाट चल्ने घट्ट दर्ता | | १००० |
| **योजना तथा कार्यक्रम सम्झौता सेवा शुल्क (उपभोक्ताबाट कार्यान्वयन हुने योजनाको लागि मात्र)** | | | |
| १ | १ लाख सम्म | प्रति योजना | १०० |
| २ | १ लाख १ देखि ५ लाख सम्म | प्रति योजना | ५०० |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | प्रति योजना | १००० |
| ४ | १० लाख १ देखि २० लाख सम्म | प्रति योजना | २००० |
| ५ | २० लाख १ देखि ३० लाख सम्म | प्रति योजना | ३००० |
| ६ | ३० लाख १ देखि ४० लाख सम्म | प्रति योजना | ४००० |
| ७ | ४० लाख १ देखि ५० लाख सम्म | प्रति योजना | ५००० |
| ८ | ५० लाख १ देखि ६० लाख सम्म | प्रति योजना | ६००० |
| ९ | ६० लाख १ र सो भन्दा माथि | प्रति योजना | १०००० |
| **नक्शा पास, निर्माण स्वीकृति शुल्क** | | | |
| | **आवासीय** | | |

| सि.नं | विवरण | इकाई | वार्षिक कर (रु) |
|---|---|---|---|
| १ | क बर्गको | प्रति वर्ग फिट | १५ |
| २ | ख वर्गको | प्रति वर्ग फिट | १० |
| ३ | ग वर्गको (आरसिसि र लोड बेरिङ) | प्रति वर्ग फिट | ६ |
| ४ | घ वर्गको | प्रति वर्ग फिट | ४ |
| | **आवसीय तथा व्यापारिक** | | |
| १ | क बर्गको | प्रति वर्ग फिट | २० |
| २ | ख वर्गको | प्रति वर्ग फिट | १५ |
| ३ | ग वर्गको | प्रति वर्ग फिट | १० |
| ४ | घ वर्गको | प्रति वर्ग फिट | ५ |
| १ | नक्सा फेरबदल दस्तुर | | १००० |
| २ | मोहोडा परिवर्तन दस्तुर | | १००० |
| ३ | तल्ला थप निवेदन शुल्क | | २००० |
| ४ | व्यापारिक भवन | प्रति वर्ग फिट | ३० |
| ५ | व्यवसायिक भवन | प्रति वर्ग फिट | ३० |
| ६ | शैक्षिक भवन | प्रति वर्ग फिट | ८ |
| ७ | संस्थागत भवन | प्रति वर्ग फिट | १० |
| ८ | औद्योगिक भवन | प्रति वर्ग फिट | ४० |
| ९ | निर्माण सम्पन्न वा नामासारी शुल्क (आर सि सि) | | १००० |
| १० | निर्माण सम्पन्न वा नामासारी शुल्क (लोड बेरिङ्ग) | | ५०० |
| | **अभिलेखिकरण दस्तुर** | | |
| | **आवासीय घर** | | |
| १ | ६०० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ४ |
| २ | ६०० वर्ग फिट देखि माथि १००० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ५ |
| ३ | १००० वर्ग फिट देखि माथि सबै | प्रति वर्ग फिट | ६ |
| ४ | लोड बियरिङ्ग घरहरुको हकमा | प्रति वर्ग फिट | २ |
| | **आवासीय तथा व्यापारिक घर** | | |
| १ | ६०० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ५ |
| २ | ६०० वर्ग फिट देखि माथि १००० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ६ |
| ३ | १००० वर्ग फिट देखि माथि सबै | प्रति वर्ग फिट | ७ |
| ४ | लोड बियरिङ्ग घरहरुको हकमा | प्रति वर्ग फिट | ३ |
| | ***पुनश्च*** :अभिलेखिकरण दस्तुरको हकमा गाउँपालिकाले प्रथम पटक अभिलेख गर्ने भनी प्रकाशन गरको सूचनामा तोकिएको म्यादभित्र घरको अभिलेखिकरण गरेमा जम्मा दस्तुरमा २५ प्रतिशतले छुट दिईनेछ तर सूचनामा तोकिएको म्याद गुजारी अभिलेखिकरण गरेमा २५ प्रतिशत थप जरिवाना वापत अशुल उपर गरिनेछ । | | |
| ५ | नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नताको प्रतिलिपी शुल्क | | ५०० |
| ६ | प्लिन्थ लेवल भन्दा माथि क्गउभच क्तचगअतगचभ को नक्शा पास गरी तोकिएको समयमा निर्माण सम्पन्न नगरेमा विलम्ब शुल्क | | २००० वा २५ प्रतिशत मध्ये जुन बढी हुन्छ । |

| सि.नं | विवरण | इकाई | वार्षिक कर (रु) |
|---|---|---|---|
| ७ | म्याद थप गरेपछि २ वर्ष भित्र निर्माण कार्य सम्पन्न नगरिएमा थप विलम्ब शुल्क | थप २५ प्रतिशत | थप द्दछ प्रतिशत |
| ८ | डिजाइन शुल्क | ५०० | ५०० |
| ९ | **काठ कटान** | | |
| | क) घरायसी प्रयोजनका लागि | प्रति क्यू.फिट | १ |
| | ख) व्यापारिक प्रयोजनका लागि | प्रति क्यू.फिट | २ |
| १० | व्यवसाय दर्ता प्रतिलिपी | | २०० |
| ११ | चार किल्ला प्रमाणित | प्रति कित्ता | ३०० |
| १२ | चार किल्ला प्रमाणित प्रतिलिपी | प्रति कित्ता | १०० |
| १३ | अमिनद्वारा स्थलगत नाँपजाँच | | १००० |
| १४ | घरबाटो भए नभएको प्रमाणित गरेको | | ५०० |
| १५ | घर जग्गा कर रसिदको प्रतिलिपि | | ५० |
| १६ | प्राविधिक फिल्ड गई डिपिसी चेक जाँच शुल्क | | १००० |
| १७ | नक्शापास आवेदन पुस्तिका | | ५०० |
| १८ | नाता प्रमाणित | | १०० |
| १९ | व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर | | १०० |
| २० | छुट जग्गा दर्ता सिफारिस | | ५०० |
| २१ | जग्गा नामसारी सिफारिस | | २०० |
| २२ | मोही नामसारी सिफारिस | | २०० |
| २३ | डिलर लिने सिफारिस | | २००० |
| २४ | सूचना पाटी शुल्क | प्रति गोटा | ५०० |
| २५ | योजना किताव | प्रति गोटा | १०० |

## अनुसूची - १३

### (दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

### प्राकृतिक स्रोतको उत्खनन्, उपयोग तथा बिक्री शुल्क

| सि.नं. | विवरण | इकाई | दर (रुपैयां) |
|---|---|---|---|
| १ | माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | २।५० |
| २ | ढुंगा, चुनढुंगा, खरिढुंगा, गिट्टी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | ९ |
| ३ | स्लेट | प्रति वर्ग फिट | ९ |
| ४ | काठ | प्रति वर्ग फिट | ३ |
| ५ | ढुंगा निकासी (पुरानो घरको) | प्रति वर्ग फिट | ४ |

## अनुसूची - १४

### (दफा १३ सँग सम्बन्धित)

### सम्पत्ति भाडाको दर

कार्यपालिका कार्यालय वा वडा कार्यालय वा सेवा केन्द्रमा उपलब्ध सम्पत्तीको भाडादर देहायअनुसार हुनेछः

| सि.नं. | सम्पत्ति | इकाई | भाडा दर रु |
|---|---|---|---|
| १ | हल भाडा साउण्ड सिस्टम सहित | प्रति पटक | १००० |
| २ | हल भाडा साउण्ड सिस्टम बाहेक | प्रति पटक | ८०० |
| ३ | प्रोजेक्टर | प्रति पटक | २०० |

## अनुसूची - १५

### (दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

### सामुदायिक वन उपभोक्ताको कार्ययोजना तथा वन पैदावार कर

| सि.नं. | विवरण | वार्षिक करको दर |
|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समितिको वार्षिक कार्ययोजना स्वीकृत | रु ५०० |
| २ | वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको | १० प्रतिशत |

## अनुसूची - १६

### (दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

### जरिवाना, शुल्क र व्याज (हर्जाना) लाग्ने सम्बन्धी व्यवस्था

**जरिवाना लाग्नेः** तल उल्लिखित कसुर गर्ने व्यक्ति, व्यवसायी वा संस्थालाई देहायको दरमा जरिवाना लाग्नेछ :

| सि.नं. | विवरण | वार्षिक करको दर (रु) |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थान बाहेक अन्यत्र जथाभावी फोहर गरेमा, राखेमा वा फालेमा र जथाभावी पार्किङ्ग गरेमा | २०० देखि ५००० सम्म |
| २ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु उत्खनन् गरेमा (स्काभेटर) | ७५००० |
| ३ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु उत्खनन् गरेमा (ब्याकहो लोडर) | ५०००० |
| ४ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (ट्रिपर) | २०००० |
| ५ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (आइचर) | १५००० |
| ६ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (अन्य साना साधन) | ५००० |
| ७ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा काठ, दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासी गरेमा (प्रति गाडी) | ३०००० |
| ८ | गाउँपालिकाबाट ईजाजत नलिई भवन निर्माण गरेमा (प्रति वर्ग फिट) | १ |
| ९ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | ५०० प्रति व्यवसाय |
| १० | गाउँपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | कार्यपालिकाको निर्णय बमोजिम रु २०० सम्म |

**व्याज (हर्जाना) लाग्ने :** कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर, दस्तुर, सेवा शुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज (हर्जाना) तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज (हर्जाना) लाग्नेछ ।

**समयमा विवरण दाखिदा नगरेमा शुल्क लाग्ने :** यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएको करदाताले समयमा विवरण दाखिला नगरेमा यस ऐन बमोजिम तिर्नुपर्ने करको दोब्बर रकम विलम्ब शुल्क सहित लाग्ने कर निजबाट असुल गरिनेछ ।

**झुट्टा विवरण दिएमा जरिवाना लाग्ने :** यस ऐन तथा प्रचलित कानून बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको दोब्बर रकम जरिवाना सहित लाग्ने कर निजबाट असुल गरिनेछ ।

**ब्याज (हर्जाना) नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज(हर्जाना) र जरिवानामा पुनः ब्याज (हर्जाना) लाग्ने छैन ।